# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा (५) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

(स्वतः प्रकाशन)

## आर्थिक वर्ष ०८२।८३

## प्रथम त्रैमासिक (साउन - असोज) को मन्त्रालयसम्वद्ध अद्यावधिक सूचना विवरण

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोनः ०१-४२११५५६, इमेलः **info@mocit.gov.np**

२०८२, कार्तिक

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

# बिषय सूची


१. निकायको स्वरूप र प्रकृति ........ ३

२. निकायको काम कर्तब्य र अधिकार ........ ४

३. निकायमा रहने कर्मचारी सङ्ख्या र कार्य बिवरण........ ५

संगठन संरचना........ ७

४. निकयमा प्रदान गरिने सेवा........ १३

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख........ १४

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ १४

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी........ १५

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ १५

९. सम्पादन गरेको कामको विवरण ........ १५

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद ........ १७

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची ........ १७

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी (प्रथम त्रैमासिक)अद्यावधिक विवरण........ २०

१३. तोकिए बमोजिमका अन्य कार्यहरुः ........ २०

१४. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरुः- ........ २०

१५. सार्वजनिक निकायको वेबसाइट ........ २२

१६. सूचना परियोजनामा प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण. २२

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिबेदन........ २२

१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली........ २२

१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिएको विषय........ २२

२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरणः........ २३



This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

## १. निकायको स्वरूप र प्रकृति

सूचना तथा सञ्चार क्षेत्रको विकास तथा विस्तारका लागि सञ्चार मन्त्रालयको स्थापना वि.सं. २०२८ साल साउन १ गते भएको हो। एन्.एम.वुचको अध्यक्षतामा गठित प्रशासन सुधार आयोगको प्रतिवेदन २००९ मा निर्माण र सञ्चार मन्त्रालय स्थापना गर्न सुझाव दिए अनुरूप मन्त्रालयको स्थापना भएको देखिन्छ। नेपाल सरकारको कार्य विभाजन नियमावली, २०२४ ले सूचना तथा प्रसार मन्त्रालयको व्यवस्था गरेको थियो भने सञ्चारलाई यातायात, सञ्चार र जलविद्युत मन्त्रालयमा राखेको थियो। प्रशासन सुधार आयोग, २०२५ ले सूचना र प्रसारण क्षेत्रलाई गृह, पञ्चायत तथा सूचना प्रसार मन्त्रालय बनाउन सिफारिस गरेको थियो।त्यसैगरी वि.सं. २०२६ सालमा निर्माण, सञ्चार र यातायात मन्त्रालय स्थापना भएको देखिन्छ। वि.सं. २०२८ सालमा छुट्टै सञ्चार मन्त्रालय स्थापना भएकोमा प्रशासन सुधार आयोग, २०४८ को सिफारिस बमोजिम तत्कालिन सञ्चार मन्त्रालयलाई सूचना तथा सञ्चार मन्त्रालयमा परिवर्तन गरिएको थियो। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम साविक सूचना तथा सञ्चार मन्त्रालयमा सूचना प्रविधि क्षेत्र समेत थप गरी हाल मन्त्रालयको नाम सञ्चार तथा सूचना प्रविधि मन्त्रालय कायम रहेको छ।

**क) मन्त्रालयको दीर्घकालीन सोच**

सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा विकसित नविन प्रविधिहरुको अधिकतम उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्ने।

**ख) मन्त्रालयको क्षेत्रगत सोच**

**आम सञ्चारः**

संविधान प्रदत्त पूर्ण प्रेस स्वतन्त्रता, सञ्चारको हक र सूचनाको हक कार्यान्वयन गर्दै नागरिकमा सूचनाको पहुँच विस्तार गर्ने।

**दूरसञ्चारः**

दूरसञ्चार क्षेत्रमा उपलब्ध भएका नवीनतम प्रविधिको प्रयोग गरी देशभर सर्वसुलभ रुपमा भरपर्दो गुणस्तरीय सेवा उपलब्ध गराई रोजगारी सृजना र उद्यमशीलता विकासमा जोड दिने।

**सूचना प्रविधिः**

सूचना प्रविधिको सर्वव्यापी पहुँच सुनिश्चित गरी समुन्नत र आर्थिक समृद्धिमा योगदान वृद्धि गर्दै जाने।

**हुलाक सेवा :**

हुलाक सेवालाई व्यवसायिक, प्रतिस्पर्धी, विश्वासनीय र आत्मनिर्भर बनाउने।

**चलचित्र :**

नेपाली चलचित्र क्षेत्रलाई उद्योगको रुपमा विकास गरी नेपालको राष्ट्रियता प्रवर्द्धन गर्न र आर्थिक वृद्धिमा योगदान बढाउँदै जाने ।

**सुरक्षण मुद्रण :**

राहदानी, हुलाक टिकट, अन्तःशुल्क स्टिकर, चेकबुक, स्मार्ट कार्ड, बैंक नोट जस्ता सुरक्षण कागजातहरु देशभित्रै छपाई गर्न सुरक्षण मुद्रण केन्द्र स्थापना गरी संचालन गर्ने ।

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

## २. निकायको काम कर्तब्य र अधिकार

**सूचनाको हकसम्बन्धी  ऐन, २०६४ बमोजिम मन्त्रालयको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छ :-**

- सञ्चार तथा सूचना, दूरसञ्चार, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- दूरसञ्चार र प्रसारण फ्रिक्वेन्सी बाँडफाँड, शुल्क निर्धारण र नक्साङ्कन, प्रयोगको अनुमति, नवीकरण र नियमन,
- सूचना र सञ्चार प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान, प्रवर्द्धन र नियमन,
- माइक्रोवेभ प्रणालीको विस्तार, ब्यान्डविथको अन्तर्राष्ट्रिय कनेक्टिभिटी र रेडियोयन्त्र प्रयोग,
- रेडियो, टेलिभिजन, छापा सञ्चार र समाचार संस्थासम्बन्धी नीति, कानून र मापदण्ड,
- राष्ट्रियस्तरका रेडियो, टेलिभिजन, प्रसारण संस्था र बहुवितरण प्रसारण प्रणालीको अनुमति, नवीकरण र नियमन,
- विदेशी टेलिभिजन च्यानलको डाउनलिङ्क,
- अनलाइन मिडियासम्बन्धी नीति, कानून र मापदण्ड,
- श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक सम्बन्धी नीति, कानून र मापदण्ड,
- सार्वजनिक प्रसारण, छापा र प्रसारण संस्था सम्बन्धी नीति, कानून र मापदण्ड,
- स्वदेशी तथा नेपालबाट प्रसारण गरिने विदेशी छापा प्रकाशन सम्बन्धी नीति, कानून र मापदण्ड,
- राष्ट्रिय विज्ञापन नीति र मापदण्ड,
- हुलाक सम्बन्धी नीति, कानून, मापदण्ड, सञ्चालन र नियमन,
- हुलाक टिकट प्रकाशन, भण्डारण तथा अभिलेख व्यवस्थापन,
- धनादेश सेवा, हुलाक बचत बैंक र अन्तर्राष्ट्रिय डाँक लेखा व्यवस्थापन,
- चलचित्र र सिनेमा हलसम्बन्धी नीति, कानून र मापदण्ड,
- सुरक्षण मुद्रण
- नेपाल राजपत्रको मुद्रण, वितरण तथा अभिलेख,
- पत्रपत्रिका सम्बन्धी आचारसंहिता,
- भू-उपग्रहको उपयोग,
- सूचना प्रविधिको प्रवर्द्धन, राष्ट्रिय सूचना प्रविधि केन्द्र र सूचना प्रविधि पार्क,
- साइबर सुरक्षा,राष्ट्रिय सूचना आयोग,
- प्रेस काउन्सिल, केन्द्रीय प्रेस रजिस्ट्रार, नेपाल दूरसञ्चार प्राधिकरण र चलचित्र विकास बोर्ड,
- मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल इन्जिनियरिङ सेवाको इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेसन इन्जिनियरिङ समूह सञ्चालन।

## ३. निकायमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण

मन्त्रालयलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ । हाल मन्त्रालयमा देहाय बमोजिमको स्विकृत दरवन्दी तथा कार्यरत कर्मचारी रहेका छन् ।

| क्र सं | पद | श्रेणी | सेवा | समूह उपसमूह | स्वीकृत दरबन्दी | पद पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट श्रेणी | नेपाल प्रशासन सेवा | | १ | १ | | |
| २ | सहसचिव | रा.प. प्रथम श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | २ | २ | | |
| ३ | प्रमुख टेक्निकल अफिसर | रा.प.प्रथम श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | इलेक्ट्रोनिक्स एण्ड टेलिकम | १ | १ | | |
| ४ | सहसचिव | रा.प.प्रथम श्रेणी | विविध | | १ | १ | | |
| ५ | उपसचिव | रा.प.द्वितीय श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | ६ | ६ | | |
| ६ | उपसचिव | रा.प.द्वितीय श्रेणी | विविध | | २ | २ | | |
| ७ | उपसचिव कानून | रा.प.द्वितीय श्रेणी | नेपाल न्याय सेवा कानून | कानून | १ | १ | | |
| ८ | उपसचिव लेखा | रा.प.द्वितीय श्रेणी | नेपाल प्रशासन | लेखा | १ | १ | | |
| ९ | वरिष्ठ प्राविधिक अफिसर | रा.प.द्वितीय श्रेणी | नेपाल इन्जिनियरिङ सेवा | इलेक्ट्रोनिक्स टेलिकम | २ | २ | | |
| १० | शाखा अधिकृत | रा.प.तृतीय श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | १४ | १४ | | |
| ११ | लेखा अधिकृत | रा.प.तृतीय श्रेणी | नेपाल प्रशासन सेवा | लेखा | १ | १ | | |
| १२ | कानून अधिकृत | रा.प.तृतीय श्रेणी | न्याय | कानून | १ | १ | | |

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय श्रेणी | विविध | | ४ | ४ | | |
| १४ | इलेक्ट्रोनिक इन्जिनियर | रा.प.तृतीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ | ५ | ४ | १ | |
| १५ | कम्प्युटर अधिकृत | रा.प.तृतीय श्रेणी | नेपाल विविधसेवा | | १ | १ | | |
| १६ | नायवसुब्बा | रा.प.अनंप्रथम श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | ११ | ११ | | |
| १७ | लेखापाल | रा.प.अनं प्रथम.श्रेणी | नेपाल प्रशासन | लेखा | १ | १ | | |
| १८ | टाइपिस्ट नासु | रा.प.अनंप्रथम | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | २ | २ | | |
| १९ | इलेक्ट्रो सहायक | रा.प.अनंप्रथम श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | इलेक्ट्रोनिक्स एण्ड टेलिकम | २ | २ | | |
| २० | कम्प्युटर अपरेटर | रा.प.अनंप्रथम श्रेणी | नेपालविविध सेवा | | ४ | ४ | | |
| २१ | भारीसवारी चालक | श्रेणी विहिन | | | १ | १ | | |
| २२ | हलुका सवारी चालक | श्रेणी विहिन | | | ७ | ७ | | *७ |
| २३ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | १४ | १४ | | *१३ |
| | हाल कायम रहेको कूल दरबन्दी संङ्ख्या | | | | ८५ | ८४ | १ | *२० |
| | *नोट: करार सेवाबाट पूर्ति गरिएको | | | | | | | |

**कर्मचारी कुल विवरण:**

१. स्वीकृत कर्मचारी दरबन्दी संख्या ८५ जना

२. पदपूर्ति भएको संख्या ८४ जना


३. रिक्त दरबन्दी १ जना

४. करार सेवाबाट पदपूर्ति भएको संख्या २० जना

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

# संगठन संरचना

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको संगठन संरचना




## ३. कार्य विवरण

### (अ) प्रशासन तथा योजना महाशाखा :-

- मन्त्रालय र अन्तर्गतको कर्मचारी प्रशासन र सामान्य प्रशासन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय र अन्तर्गतको जनशक्ति योजना र व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- सञ्चार, सूचना, सूचना प्रविधि, दूरसञ्चार, हुलाक, मुद्रण, चलचित्र आदि सम्बन्धी वार्षिक योजना कार्यक्रम र बजेट सम्बन्धी कार्य गर्ने।
- दूरसञ्चार, हुलाक, मुद्रण सम्बन्धी नीति र कानून तर्जुमा कार्यान्वयन सम्बन्धी कार्य गर्ने।
- आवधिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयको कार्यक्षेत्र सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थासंग सम्बन्ध, सम्पर्क, समन्वय, सहायता सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय सम्वद्ध आयोग, प्राधिकरण, संस्थान, बोर्ड, समिति आदिको समन्वय, सहजीकरण, नियमन सम्बन्धी कार्य गर्ने।

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

- मन्त्रालयको आर्थिक र प्रशासन सम्बन्धी कार्य गर्ने।
- कर्मचारीहरूको कार्यविवरण सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयको विषयसँग सम्बन्धित सेवा, समूह, उपसमूहको सञ्चालन।

**(१) प्रशासन तथा विकास सहायता समन्वय शाखा :-**

- मन्त्रालय र अन्तर्गतका कर्मचारी प्रशासन र सामान्य प्रशासन सम्बन्धी कार्यहरू गर्ने।
- मन्त्रालयका लागि आवश्यक सामानहरूको आपूर्ति गर्ने तथा जिन्सी व्यवस्थापन गर्ने।
- मन्त्रालयका राजपत्र अनंकित र श्रेणीविहीन कर्मचारीहरूको काम सम्बन्धी आवश्यक व्यवस्था मिलाउने।
- जनसम्पर्क, सोधपुछ, गुनासो व्यवस्थापन र दर्ता चलानीको व्यवस्था मिलाउने।
- मन्त्रालयमा रहेका सरकारी सम्पत्तिको संरक्षण, मर्मत, सम्भार तथा उचित प्रयोगको व्यवस्था मिलाउने।
- संवैधानिक आयोग, संसदीय समिति, सतर्कता केन्द्र आदिबाट प्राप्त उजुरीहरूको व्यवस्थापन गर्ने।
- मन्त्रालय र अन्तर्गतका विभागहरूको जनशक्ति विकास तथा संगठनात्मक सुधार सम्बन्धी कार्य गर्ने।
- सूचना तथा सञ्चार क्षेत्रका अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग फोकल प्वाइन्टको रूपमा सम्पर्क राखी काम गर्ने।
- अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा अन्य दातृसंस्थाबाट सहायता उपलब्धि सम्बन्धी काम मन्त्रालयका अन्य शाखासँग आवश्यक समन्वय गरी गर्ने।
- अन्तर्राष्ट्रिय क्षेत्रीय वा अन्य विदेशी संघ संस्थासँग सम्बन्धित महाधिवेशन, सम्मेलन, गोष्ठी, सेमिनार आदिमा नेपालको सहभागीता सम्बन्धी तयारी कार्य गर्ने।
- सञ्चार क्षेत्रमा विभिन्न किसिमका उपलब्ध सहयोग/सहायताको विवरण तयार गरी अद्यावधिक राख्ने।
- विभिन्न मुलुकका दूरसञ्चार, सूचना प्रविधि, हुलाक र प्रसारण सम्बन्धी प्रशासनबाट सोधिएका विषयहरूको जानकारी र माग हुने विवरणहरू उपलब्ध गराउने सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयसँग सम्बन्धित सेवा, समूह, उपसमूह सञ्चालन सम्बन्धी कार्य गर्ने।
- अन्य शाखामा नपरेको मन्त्रालय सम्बन्धी कार्य गर्ने।

**(२) संस्थान समन्वय शाखा :-**

- मन्त्रालय अन्तर्गतका सम्बद्ध विभाग, संस्थान तथा समितिहरूको समन्वय, सहजीकरण, अनुगमन, नियमन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय र सम्बद्ध विभाग, संस्थान, बोर्ड, प्राधिकरण, समिति, कम्पनी आदि र सम्बद्ध सेवा प्रदायकहरूका लागि आवश्यक पर्ने विदेशी मुद्रा, आयात, भन्सार तथा बिक्रीकर छुटसम्बन्धी कार्य गर्ने।
- मन्त्रालय सम्बद्ध निकायका अध्यक्ष, कार्यकारी प्रमुख, सदस्यहरूको मनोनयन, नियुक्ति, कार्यसम्पादन करार सम्बन्धी काम गर्ने।
- मन्त्रालय सम्बद्ध संस्थान, बोर्ड, प्राधिकरण, समिति, कम्पनी आदिको फोकल शाखाको रूपमा कार्य गर्ने।

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

**(३) योजना अनुगमन तथा मूल्याङ्कन शाखा :-**

 सूचना तथा सञ्चार सम्बन्धी नीति, योजना तथा कार्यक्रम, बजेट तथा स्रोत परिचालन सम्बन्धी कार्य गर्ने।

 विभिन्न योजनाहरूको प्रगति प्रतिवेदन तयार गर्ने।

 योजनाको उपलब्धिबारे तयार पारिएको प्रतिवेदनलाई नियमित रूपमा समीक्षा तथा मूल्याङ्कन गर्ने, गराउने।

 मन्त्रालय, विभाग र संस्थानबाट सञ्चालित आवधिक योजनाहरूका कार्यान्वयनको अनुगमन प्रतिवेदन गर्ने।

 विभिन्न निकायबाट प्राप्त नीतिको मस्यौदा उपर राय/प्रतिक्रिया दिने।

 सूचना तथा सञ्चार सम्बद्ध विषयको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने।

 अनुगमन मूल्याङ्कनको वार्षिक कार्ययोजना स्वीकृत गराई कार्यक्रमहरूको कार्यान्वयन गर्ने।

**(४) आर्थिक प्रशासन शाखा :-**

 साधारण र विकासतर्फको अनुमानित बजेट तयार गर्ने।

 साधारण बजेटको बजेट खर्च गर्ने अख्तियारी पत्र र बजेट बाँडफाँड तयार गरी स्वीकृत गराई पठाउने।

 विकास बजेटतर्फ कार्यक्रम स्वीकृत भएपछि बजेट बाँडफाँड गर्न सहयोग पुर्‍याइ स्वीकृत कार्यक्रम, बजेट बाँडफाँड एवं स्रोत व्यवस्था खुलाई अख्तियारी पठाउने।

 केन्द्रीय स्तरको अभिलेख राख्ने र आर्थिक विवरण तयार गर्ने।

 बजेट निकासा, रकमान्तर, निकासा खर्च, लेखापरीक्षण गराउने र बेरुजु फछ्र्योट सम्बन्धी कार्य गर्ने।

 राजस्व र धरौटीको अभिलेख राख्ने।

 दातृराष्ट्र/दातृसंस्थासँग भएको सम्झौताको आधारमा प्राप्त हुनुपर्ने नगद र वस्तुगत सहायता सम्बन्धी कार्य गर्ने।

**(आ) सञ्चार महाशाखा :-**

 प्रेस र आमसञ्चार सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन सम्बन्धी कार्य गर्ने,

 प्रेस र आमसञ्चार माध्यमहरूलाई सहयोग, समन्वय सहजीकरण सम्बन्धी कार्य गर्ने,

 श्रव्यदृष्य प्रसारण, विज्ञापन, चलचित्र सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा नियमन सम्बन्धी कार्य गर्ने,

 सञ्चार उद्योग, चलचित्र उद्योगलाई प्रोत्साहन, छुट सुविधा सिफारिस सम्बन्धी कार्य गर्ने,

 चलचित्र जाँच र नियमन सम्बन्धी कार्य गर्ने।

**(१) श्रव्यदृष्य तथा प्रसारण शाखा :-**

 चलचित्र जाँचपास र प्रदर्शन सम्बन्धी कार्य गर्ने।

 केन्द्रीय चलचित्र जाँच समितिको सचिवालयको कार्य गर्ने।

 चलचित्र प्रदर्शन सम्बन्धी संघ, संस्था, उद्योग, फर्म दर्ता गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

 रेडियो तथा टेलिभिजन प्रसारण सम्बन्धी कार्यहरूमा नीतिगत तथा कार्यक्रमगत समन्वय गर्ने।
 प्रसारण संस्थाहरूलाई विदेशी मुद्रा सटही सुविधा दिने।
 भन्सार महशुल, कर छुट सम्बन्धी कार्य गर्ने।
 प्रसारण संस्थाबाट हुने विज्ञापन सम्बन्धी कार्य गर्ने।
 रेडियो र टेलिभिजनको प्रसारण, प्रवर्द्धन र विकास सम्बन्धी संभाव्यता अध्ययन गर्ने।
 विदेशी डकुमेन्ट्री/चलचित्र छायाँकन अनुमति दिने।

**(२) प्रेस तथा सूचना समन्वय शाखा :-**

 नेपाल सरकारको प्रेस र आमसञ्चार सम्बन्धी नीति र कार्यक्रमको तर्जुमा सम्बन्धी कार्य गर्ने।
 प्रेस नीतिको कार्यान्वयनमा भएका कठिनाइहरूको अध्ययन गरी सुधारात्मक उपायहरूबारे राय दिने।
 सूचना तथा प्रसारण विभागसँग समन्वय राखी प्रेस सूचना सम्बन्धी कार्य गर्ने।
 अनलाइन सञ्चार माध्यमको नियमन सम्बन्धी कार्य गर्ने।
 नेपाल सरकार र प्रेसबीच सुमधुर सम्बन्ध विकसित गर्न आवश्यक तथा सामयिक उपायहरू पत्ता लगाउने।
 नेपाल सरकारको नीति र कार्यक्रम तथा विभिन्न निकायहरूको क्रियाकलापबारे राष्ट्रिय अखण्डता, साम्प्रदायिक सद्भाव, शान्ति सुरक्षा खलल हुने गरी प्रकाशित भएका भ्रामक समाचारहरूको खण्डन गराउने परिपाटीलाई विकसित गर्दै लैजाने।
 राज्यभर प्रेस सेवाको वर्तमान स्थितिको मूल्याङ्कन गरी आवश्यकता अनुसार सम्बन्धित ऐन नियमहरूमा सुधार गर्न आवश्यक व्यवस्था मिलाउने।
 विभिन्न सूचना सामग्रीहरूको योजना, उत्पादन, प्रकाशन र वितरणसम्बन्धी नीतिका लागि रायसल्लाह दिने।
 सञ्चारको हक र सूचनाको हक सम्बन्धी कार्यमा समन्वय गर्ने।

**(३) कानून तथा फैसला कार्यान्वयन शाखा :-**

 मन्त्रालय र सम्बद्ध निकायको ऐन/नियम र नीति/कार्यविधि/गठन आदेश तर्जुमा तथा समय सापेक्ष संशोधन/परिमार्जन गर्ने।
 मन्त्रालयसँग सम्बन्धित विषयमा निर्मित ऐन/नियम/नीति/कार्यविधि/गठन आदेशहरूमा कानूनी राय परामर्श दिने।
 विभिन्न तहका अदालतमा मन्त्रालय विरुद्ध परेका मुद्दामा लिखित जवाफ सम्बन्धी कार्य गर्ने।
 अदालतबाट भएका मन्त्रालयका सम्बद्ध फैसला कार्यान्वयन गर्ने।

**(इ) फ्रिक्वेन्सी व्यवस्थापन महाशाखा :-**

 ITU Radio Regulation मा आधारित Spectrum व्यवस्थापनका लागि आवश्यक प्रणाली, नीति, नियम सम्बन्धी राष्ट्रिय योजना तथा कार्यक्रम तर्जुमा, पुनरावलोकन, परिमार्जन एवं परिस्कृत गर्ने।
 नेपालको Orbital Slot Allocation को उपयोग सम्बन्धमा ITU सँग आवश्यक समन्वय गरी Allocated Slot प्रयोगको निम्ति आवश्यक व्यवस्था गर्ने।

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

 राष्ट्रिय फ्रिक्वेन्सी Allocation Table तयार गर्ने र तदनुरूप Assignment, Channeling, Reforming योजनाहरू तय गर्ने।

 फ्रिक्वेन्सीको केन्द्रीय अभिलेख राख्ने।

 रेडियो ऐन, नियमको अधीनमा रही विभिन्न रेडियो सञ्चार सेवाको लागि आवश्यक पर्ने रेडियो फ्रिक्वेन्सीको इजाजत सम्बन्धी नियमन गर्ने।

 रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको सचिवालयको कार्य गर्ने।

 रेडियो उपकरण तथा प्रणालीको प्राविधिक गुणस्तर, उपयुक्त प्रविधि, प्रणाली तथा परिष्कृत गर्ने।

 अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संस्थाहरू जस्तै ITU, ICAO, INTELSAT, APT, APSCC, ABU सँग समन्वय राखी रेडियो फ्रिक्वेन्सीहरूको प्रयोग सम्बन्धमा जानकारी गर्ने गराउने।

 रेडियो फ्रिक्वेन्सीको प्रयोगको मनिटरिङको व्यवस्था गर्ने।

 मनिटरिङ्ग स्टेसन, भ्यान लगायत पूर्वाधारको विस्तार गर्ने।

 स्थलगत निरीक्षण तथा जाँच गराउने।

 सबै प्रकारका उपलब्ध रेडियो सञ्चार एवं रेडियो प्रसारण प्रविधिहरूको अध्ययन विश्लेषण गरी सुहाउँदो प्रविधि उपयोग गर्ने व्यवस्था गर्ने।

**(१) फ्रिक्वेन्सी व्यवस्थापन तथा विश्लेषण शाखा :-**

 समयानुकूल ITU Radio Regulation मा आधारित Spectrum व्यवस्थापनका लागि आवश्यक प्रणाली, नीति, नियम तथा प्रविधि सम्बन्धी राष्ट्रिय योजना तथा कार्यक्रम तर्जुमा, पुनरावलोकन, परिमार्जन एवं परिष्कृत गर्ने।

 नेपालको Orbital Slot Allocation को उपयोगसम्बन्धमा ITU सँग आवश्यक समन्वय गरी Allocated Slot प्रयोगको निम्ति आवश्यक व्यवस्था गर्ने।

 राष्ट्रिय फ्रिक्वेन्सी Allocation table तयार गर्ने र तदनुरूप Assignment र Channeling योजनाहरू तय गर्ने।

 राष्ट्रिय फ्रिक्वेन्सी नीति निर्धारण समितिको बैठकमा पेस गर्नुपर्ने विषयहरूको पहिचान तथा अध्ययन गर्ने।

 रेडियो सञ्चार उपकरणको आयात/निर्यात/निर्माण/उत्पादन सम्बन्धमा प्राविधिक मापदण्डको सिफारिस तथा तदनुरूप गर्न विद्यमान ऐन, नीति, नियम तथा आदेशहरूको पुनरावलोकन गरी आवश्यकतानुसार संशोधनका लागि सिफारिस गर्ने।

 रेडियो उपकरण तथा प्रणालीको प्राविधिक गुणस्तर, उपयुक्त प्रविधि, प्रणाली तथा परिष्कृत गर्ने।

 सञ्चार प्रविधिको समयानुकूल विश्वव्यापी विकासलाई अन्वेषण तथा विश्लेषण गरी मुलुकका लागि तुलनात्मक रूपले उपयोगी प्रविधि पहिचान गर्ने सिलसिलामा नेपाल दूरसञ्चार प्राधिकरणसँग समन्वय राखी काम गर्ने।

 Type Approval Requirements को मस्यौदा तयार गर्ने तथा निवेदन फारमहरूको विकास गर्ने।

**(२) रेडियो फ्रिक्वेन्सी अनुगमन शाखा :-**

 रेडियो फ्रिक्वेन्सीको प्रयोगको मनिटरिङ तथा Assigned फ्रिक्वेन्सीहरूको प्रयोगमा बाधा भए/नभएको पहिचान गर्ने।

 फ्रिक्वेन्सी प्रयोगको दैनिक Log book तथा रजिष्टर खडा गरी फ्रिक्वेन्सी प्रयोगमा र

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

Interference र Disturbances भए/नभएको निश्चित गर्ने।

- रेडियो मनिटरिङ स्टेसन तथा Mobile रेडियो मनिटरिङ प्रणालीको दैनिक सञ्चालन, संरक्षण, संवर्द्धन, परिमार्जन, परिष्कृत, स्याहार, सम्भार तथा मर्मत गर्ने।
- इजाजत पत्रमा तोकेको स्तरअनुसार रेडियो फ्रिक्वेन्सी प्रयोग भए/नभएको जाँच गर्ने।
- फ्रिक्वेन्सीको अनधिकृत प्रयोग भएको वा स्तरअनुसार प्रयोग गरे/नगरेको पत्ता लगाउने।
- फ्रिक्वेन्सीको अधिकृत/अनधिकृत प्रयोगहरूको वार्षिक, मासिक, अर्धवार्षिक प्रतिवेदन राख्ने।
- इजाजतपत्र जारी गर्नुपूर्व सञ्चार उपकरणहरूका प्राविधिक आधार सूचकहरू जाँच गर्ने।
- Type Approval सञ्चार उपकरण तथा यन्त्र प्रणालीहरूको प्राविधिक Performance जाँच तथा प्रणालीहरूको अभिलेख राख्ने।
- समयानुकूल मनिटरिङ प्रणालीमा सुधार र विकास गर्न योजना/कार्यक्रमहरू तर्जुमा गर्ने।
- अन्तर्राष्ट्रिय रेडियो मनिटरिङ सम्बन्धमा समन्वय गर्ने।
- स्थलगत निरीक्षण तथा जाँच गर्ने।
- सञ्चार उपकरण, यन्त्र प्रणालीको मनिटरिङ, जाँच गर्न Latest प्रविधिको प्रयोग तथा चयन गर्ने।
- अधिनस्थ कार्यहरूको प्रतिवेदन तयार गर्ने।
- अधिनस्थ कार्यहरूको यकीन गरी वार्षिक, कार्यक्रमहरूको योजना तथा बजेट तर्जुमा गर्ने तथा स्वीकृत योजना, कार्यक्रम तथा बजेटअनुसार कार्य सम्पन्न, कार्यान्वयन, अभिलेख राख्ने।
- तालिम सेमिनार, कार्यशाला, गोष्ठी आदिहरूका उपलब्धि, निर्णय कार्यक्रम तथा सिफारिसहरू कार्यान्वयन गर्ने।
- अधिनस्थ कार्यहरू पुनरावलोकन, मूल्याङ्कन तथा परिमार्जन गर्ने।
- रेडियो मनिटरिङ सम्बन्धमा ITU ले तोकेको प्राविधिक स्तर कायम गर्ने।

**(ई) सूचना प्रविधि महाशाखा :-**

- सूचना तथा सञ्चार प्रविधि नीतिको कार्यान्वयनको लागि सम्बन्धित निकायहरूसँगको समन्वयमा आवश्यक कार्ययोजना तयार गर्ने र उक्त कार्ययोजनाको कार्यान्वयनमा सम्बन्धित निकायहरूलाई सहजीकरण गर्ने र प्रगति अनुगमन गर्ने।
- सूचना तथा सञ्चार प्रविधि नीतिको आवधिक रूपमा विश्लेषण गरी समयानुसार पुनरावलोकन गर्न सहयोग गर्ने।
- सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सुशासन प्रदान गर्न तथा सामाजिक तथा आर्थिक विकास गर्न आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्न सहयोग पुऱ्याउने।
- सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका सूचना प्रविधि प्रणालीहरूको मानकीकरण (Standardize) गरी अन्तरआबद्ध (Interoperable) बनाउन आवश्यक मानक तथा निर्देशिका तयार गर्ने।
- साइबर सुरक्षाको स्तर वृद्धि गर्न तथा साइबर अपराध नियन्त्रण गर्नउपयुक्त नीतिगत तथा कानूनी व्यवस्थाको लागी अध्ययन गरी सिफारिस गर्ने।

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

 नेपालमा साइबर सुरक्षाको स्तर वृद्धि गर्न आवश्यक संरचना, पूर्वाधार तथा क्षमताको विकास गर्ने
 नेपालमा साईवर सुरक्षाको क्षेत्रमा कार्यरत संघ सस्थाहरूलाई समन्वयन तथा अनुगमन गर्ने।
 सूचना प्रविधिमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा भएका विकासमा पहुँच पुर्याई प्रविधि हस्तान्तरणलाई सहजीकरण गर्ने।
 सूचना प्रविधि सम्बन्धमा अध्ययन अनुसन्धान केन्द्रको रूपमा कार्य गर्ने।

**(१) सूचना प्रविधि कार्यान्वयन तथा समन्वय शाखा :-**

 सूचना तथा सञ्चार प्रविधि नीतिमा उल्लिखित सरोकारवाला निकायहरूको संलग्नतामा कार्यक्रमहरूको पहिचान गरी कार्ययोजना तयार गर्ने।
 e-Government, e-Commerce, Trade and Industry Promotion, e-Payment, IT Industry Promotion, e-Agriculture, e-Tourism, e-Health जस्ता क्षेत्रमा नेपाललाई आवश्यक उपयुक्त प्रविधिको पहिचान गरी सो प्रविधि प्रयोगको क्षमता विकास गर्ने।
 नेपाल सरकारका निकायहरूले कार्यान्वयन गर्नुपर्ने सूचना प्रविधि सम्बन्धी कार्यक्रमहरूको प्रगति विवरण सङ्कलन गरी सम्बन्धित निकायमा पेश गर्ने।
 सूचना तथा सञ्चार प्रविधि नीतिको आवधिक रूपमा विश्लेषण गरी समयानुसार पुनरावलोकन गर्न सहयोग गर्ने।
 सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सुशासन प्रदान गर्न तथा सामाजिक तथा आर्थिक विकास गर्न आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्न सहयोग पुर्याउने।
 सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका सूचना प्रविधि प्रणालीहरूको मानकीकरण (Standardize) गरी अन्तरआबद्ध (Interoperable) बनाउन आवश्यक मानक तथा निर्देशिका तयार गरी कार्यान्वयन गर्ने वा गर्न सहजीकरण गर्ने।

**(२) साइबर सुरक्षा शाखा :-**

 साइबर सुरक्षाको स्तर वृद्धि गर्न तथा साइबर अपराध नियन्त्रण गर्न उपयुक्त नीतिगत तथा कानूनी व्यवस्थाको लागि अध्ययन गरी सिफारिस गर्ने।
 नेपालमा साइबर सुरक्षा तथा सूचना सुरक्षाको लागि आवश्यक मापदण्ड तयार गरी सो मापदण्ड कार्यान्वयन गर्ने।
 नेपालमा साइबर सुरक्षाको स्तर वृद्धि गर्न आवश्यक संरचना तथा पुर्वाधारको विकास गर्ने।
 साइबर सुरक्षाको स्तर वृद्धि गर्न तथा साइबर अपराध नियन्त्रण गर्न क्षमता विकास गर्ने।
 नेपालमा साइबर सुरक्षाको क्षेत्रमा कार्यरत संघसंस्थाहरूलाई समन्वय तथा अनुगमन गर्ने।
 मन्त्रालयको आन्तरिक सूचना प्रविधिको व्यवस्थापन गर्ने।

## ४. निकयमा प्रदान गरिने सेवा

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिमका कार्यक्षेत्र सम्बद्ध तथा प्रचलित कानूनहरूद्वारा तोकिएका कार्यहरूसँग सम्बन्धित सेवाहरू।

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यक्षेत्रभित्र समाविष्ट विभिन्न क्रियाकलापहरू सञ्चाललन गर्न मन्त्रालयमा देहाय बमोजिमका महाशाखा/ शाखाहरूको प्रबन्ध गरिएको छ।

| क्र.सं. | महाशाखा, शाखा | जिम्मेवार अधिकारी | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| **१** | **सञ्चार तथा सूचना प्रविधि मन्त्रालय** | **सचिव** | **श्री राधिका अर्याल** |
| **२** | **प्रशासन तथा योजना महाशाखा** | **सहसचिव** | **श्री कोशहरि निरौला** |
| | माननीय मन्त्रीज्यूको सचिवालय | उपसचिव | श्री राकेश गुरुङ |
| | प्रशासन तथा विकास सहायता समन्वय शाखा | उपसचिव | श्री सुरथ पोखेल |
| | योजना अनुगमन तथा मूल्याङ्कन शाखा | उपसचिव | श्री रामकृष्ण अर्याल |
| | संस्थान समन्वय शाखा | उपसचिव | श्री निर्मला थापा |
| | आर्थिक प्रशासन शाखा | उपसचिव (लेखा) | श्री लोकनाथ सुवेदी |
| **३** | **सञ्चार महाशाखा** | **सहसचिव** | **श्री उदय बहादुर राना मगर** |
| | प्रेस तथा सूचना समन्वय शाखा | उपसचिव | श्री रविन्द्रप्रसाद पौड्याल |
| | श्रव्यदृश्य तथा प्रसारण शाखा | उपसचिव | श्री ममता कुमारी वास्तोला |
| | कानून तथा फैसला कार्यान्वयन शाखा | उपसचिव (कानून) | श्री राजेश कुमार थापा |
| **४** | **सूचना प्रविधि महाशाखा** | **सहसचिव(प्राविधिक)** | **श्री आदेश खड्का** |
| | सूचना प्रविधि कार्यान्वयन तथा समन्वय शाखा | उपसचिव (प्रा.) | श्री नारायण तिमिल्सिना |
| | साइबर सुरक्षा शाखा | उपसचिव (प्रा.) | श्री शिव कुमार पोखेल |
| **५** | **फ्रिक्वेन्सी व्यवस्थापन महाशाखा** | **प्रमुख टेक्निकल अफिसर** | **श्री गौरव गिरी** |
| | फ्रिक्वेन्सी व्यवस्थापन तथा विश्लेषण शाखा | वरिष्ठ प्राविधिक अफिसर | श्री अनुप नेपाल |
| | रेडियो फ्रिक्वेन्सी अनुगमन शाखा | वरिष्ठ प्राविधिक अफिसर | श्री – |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### १. सेवा प्राप्त गर्न लाग्ने दस्तुर

सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (४) बमोजिम र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र नियमावली लगायत अन्य प्रचलित कानूनले तोके बमोजिमको दस्तुर।

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

### २. सेवा प्राप्त गर्न लाग्ने अवधि

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र नियमावली लगायत अन्य विशेष ऐनले तोकेकोमा सोही बमोजिम।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

### निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्ध उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्नेछ । कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारीमार्फत् वा आफै नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ । ७ दिनभित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन् ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री राधिका अर्याल

## ९. सम्पादन गरेको कामको विवरण

- काठमाडौं उपत्यकाका तोकिएका प्रमुख सार्वजनिक स्थलहरुमा २ महिनाभित्र र क्रमशः देशभरका प्रमुख १० वटा शहरहरुमा वाइफाई प्रविधि मार्फत् निःशुल्क इन्टरनेट सेवा प्रदान गर्नको लागि नेपाल दूरसञ्चार प्राधिकरणमार्फत् कार्य प्रारम्भ भएको ।
- वझाङ, बाजुरा, डोल्पा, दार्चुला, हुम्ला लगायतका उच्च पहाडी तथा हिमाली र दूरसञ्चार सेवा नपुगेका तराईका स्थानहरुमा टेलिफोन तथा ब्रोडव्यान्ड इन्टरनेट सेवाको पहुँच विस्तार गरी प्रभावकारी बनाउन नेपाल टेलिकममार्फत् आवश्यक कार्य प्रारम्भ भएको । उच्च पहाडी क्षेत्रका उल्लिखित जिल्लामा २१ वटा टावर यही चैत्रभित्र पूर्णरुपमा सञ्चालन हुने गरी काम अघि बढेको ।
- छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ को व्यवस्था बमोजिम अनलाइन सञ्चार माध्यमको दर्ता तथा नवीकरणको लागि सूचना तथा प्रसारण विभागको महानिर्देशकलाई स्थानीय अधिकारीको रुपमा तोकी अनलाइन सञ्चार माध्यमको दर्ता र नवीकरण लगायतका कार्यहरु सूचना तथा प्रसारण विभागबाट हुने व्यवस्था मिलाइएको। अनलाइन माध्यम दर्तालाई सहजीकरण गर्नको लागि नियमावली स्वकृतिका लागि मिति २०८२।०६।३० गते बस्ने मन्त्रिपरिषद्को वैठकमा पेश गर्ने गरी फाइल अघि बढाइएको ।
- सुरक्षण मुद्रण केन्द्र तत्काल सञ्चालनको लागि आवश्यक पर्ने सुरक्षण मुद्रण नियमावली, २०८२ पारित भएको र नेपाल सरकारको राष्ट्रिय महत्वको आयोजनाको रुपमा रहेको

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

सुरक्षण मुद्रण केन्द्र सञ्चालनमा सहयोग पुग्ने देखिएको। केन्द्र सञ्चालनको लागि कर्मचारी व्यवस्थापन प्रक्रिया अघि बढेको ।

- प्रेस काउन्सिलमार्फत् पत्रकार आचारसंहिता,२०७३ (पहिलो संशोधन, २०७६) को प्रावधान अनुसार नेपालको सार्वभौमसत्ता राष्ट्रिय एकता र सामाजिक सद्भावमा खलल पुग्ने हिंसा आतङ्क अश्लीलता र अपराधलाई प्राथमिकता दिएर सञ्चार माध्यममा सामग्रीहरु प्रकाशन भए नभएको सम्वन्धमा अनुगमन गर्न परिषद्का सदस्य श्री भिमलाल श्रेष्ठको संयोजकत्वमा कार्यदल गठन भई कार्यप्रारम्भ भएको ।

- Emergency Telecommunication Cluster हुने Meeting बसी विपद्को समयमा दूरसञ्चार तथा इन्टरनेट सेवालाई चालु अवस्थामा राख्न सहयोग गरेको।
- सरकारी कार्यालयको वेवसाइट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका जारी गरी कार्यान्वयनमा ल्याइएको जसले गर्दा सवै सरकारी निकायले एउटै वेवसाइट तुलनात्मक रुपमा कम खर्चिलो र बढी सुरक्षित हुनजान्छ। जस अनुसार हालसम्म १९० वटा निकायहरुद्वारा सरकारी एकिकृत वेवसाइट व्यवस्थापन प्रणालीको प्रयोग भएको।
- एकीकृत एस.एम.एस. गेटवे (SMS Gateway) सेवामा थप २ वटा निकायको USER बनेको र जमा थप १५लाख ५१हजार ९ नौ सय ८० वटा SMS प्रवाह भएको।
- सूचना प्रविधि प्रणालीको विकास तथा परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स,२०८२ तयार गरिएको।
- हालसम्म १६० वटा निकायहरुमा सरकारी एकिकृत अफिस व्यवस्थापन प्रणाली (GIOMS) प्रयोगमा ल्याइएको।
- करिव २०,००० को संख्यामा सरकारी एकिकृत इमेल प्रयोगमा ल्याइएको। हाल E-mail reset ३०० वटा Storage Extension ३५० वटाको र Support को काम निरन्तर रहेको।
- नागरिक सेवाको पहुँचलाई सहज बनाउन एकीकृत नेपाल सरकार मोवाइल एप (नागरिक एप) रहेको छ जसमा हालसम्म विभिन्न निकायका ६५ वटा सेवा तथा सूचना आवद्ध गरिएका छन्।
- साइवर सुरक्षा केन्द्रबाट सरकारी निकायहरुको प्रणाली तथा पूर्वाधारको नियमित अनुगमन गर्ने,सुरक्षा चुनौतिहरुको नियमित विश्लेषण गरी REAL TIME मा घटनाहरुको पहिचान गर्ने लगायतका कार्यहरु गरी सूचना प्रविधि प्रणालीहरुलाई साइवर जोखिमबाट बचाउन नियमित रुपमा कार्यहरु भैरहेका छन्।
- प्राथमिक डाटा केन्द्रको रुपमा GIDC सिंहदरवारमा डाटा केन्द्र सञ्चालनमा रहेको साथै यसको Disaster Recovery को लागि हेटौंडामा Disaster Recovery Center सञ्चालनमा रहेको।

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

- अन्तर्राष्ट्रिय सूचना दिवस,२८ सेप्टेम्वर सन्दर्भमा UNESO बाट घोषित यसवर्षको नारा " Ensuring Access to Environment information in the Digital Age" रहेको,सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस कार्यक्रम मिति २०८२/०६/०५ गते सम्पन्न गरेको।
- सूचनाको हक सम्बन्धी तेस्रो राष्ट्रिय रणनीतिक योजना (२०२६-२०३०) को मस्यौदा तर्जुमाका लागि समिति गठन गरी कार्य प्रारम्भ गरेको।
- OTT प्लेटफर्मको सञ्चालन र व्यवस्थापन सम्बन्धमा मन्त्रालयका सचिवको संयोजकत्वमा अध्ययन समिति मिति २०८२/०६/२७ मा गठन गरिएको।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

१. मन्त्रालयको विभागीय प्रमुख- सचिव श्री राधिका अर्याल

२. सूचना अधिकारी - उपसचिव श्री रविन्द्रप्रसाद पौड्याल

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**१. नीतिहरू :-**

- सञ्चार तथा सूचना प्रविधि क्षेत्रको दीर्घकालीन नीति, २०५९
- दूरसञ्चार नीति, २०६०
- दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्य) सम्बन्धी नीति,२०६९
- राष्ट्रिय चलचित्र नीति, २०७१
- ब्रोडब्याण्ड नीति, २०७१
- सञ्चार तथा सूचना प्रविधि नीति, २०७२
- आमसञ्चार नीति, २०७३
- विज्ञापन रहित (Cl ean Feed) नीति, २०७३
- भू-उपग्रह नीति, २०७७

**२. ऐनहरू :-**

- रेडियो ऐन, २०१४
- सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०८१
- राष्ट्रिय समाचार समिति ऐन, २०१९
- गोरखापत्र संस्थान ऐन, २०१९
- हुलाक ऐन,२०१९

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

- आन्तरिक हुलाक वस्तु (बीमा गर्ने) ऐन, २०१९
- चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६
- सञ्चार संस्थान ऐन, २०२८
- छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८
- प्रेस काउन्सिल ऐन, २०४८
- राष्ट्रिय प्रसारण ऐन, २०४९
- श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१
- दूरसञ्चार ऐन, २०५३
- विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन,२०६३
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- विज्ञापन (नियमन गर्ने) ऐन, २०७६
- सार्वजनिक सेवा प्रसारण ऐन, २०८१

**३. नियमहरू :-**

- आन्तरिक हुलाक वस्तु बीमा गर्ने नियमहरू, २०१९
- हुलाक नियमावली, २०२०
- गोरखापत्र कर्पोरेशन नियमहरू, २०२१
- धनादेश नियमावली,२०३१
- हुलाक बचत बैङ्क नियमावली, २०३३
- अतिरिक्त हुलाक नियमावली,२०३४
- बहिरङ्ग हुलाक नियमावली,२०३४
- राष्ट्रिय समाचार समिति नियमावली,२०४१
- छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९
- प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली, २०४९
- रेडियो सञ्चार (लाईसेन्स) नियमावली, २०४९
- राष्ट्रिय प्रसारण नियमावली, २०५२
- श्रमजीवी पत्रकार सम्बन्धी नियमावली,२०५३
- दूरसञ्चार नियमावली,२०५४
- मुद्रण सम्बन्धी नियमहरू, २०५५
- चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली,२०५७
- रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०५७
- विद्युतीय कारोबार नियमावली, २०६४
- सूचनाको हक सम्बन्धी नियमावली,२०६५
- विज्ञापन (नियमन गर्ने) नियमावली,२०७७
- विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८०

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

• अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०८०

**४. निर्देशिकाहरू :-**

• हुलाक टिकट प्रकाशन निर्देशिका,२०७०
• पत्रकार दुर्घटना बीमा (व्यवस्थापन) निर्देशिका,२०७०
• नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१
• नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका, २०७८
• अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका, २०७३
• सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५
• सरकारी निकायमा विद्युतीय पत्राचार (इमेल) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५
• सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५
• पत्रकार वृत्ति कोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५
• सूचनाको हकको कार्यान्वयनसम्बन्धी अनुगमन निर्देशिका, २०७६
• सरकारी निकाय सञ्चालनसम्बन्धी एकीकृत विद्युतीय प्रणाली निर्देशिका,२०७८
• सरकारी वेबसाइट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८
• सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०

**५. आदेशहरू :-**

• रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश, २०४१
• राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) आदेश, २०५८
• दूरसञ्चार पूर्वाधार निर्माण तथा सहप्रयोगसम्बन्धी आदेश¸२०६९
• सुरक्षण मुद्रण विकास समिति गठन आदेश, २०७३

**६. कार्यविधि/दिग्दर्शन/मापदण्डहरू :-**

• राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानलाई ब्यवस्थित गर्ने कार्यविधि¸ २०७२
• सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्वद्ध निकायका अध्यक्ष, सदस्य र पदाधिकारीको नियुक्ति तथा मनोनयनसम्बन्धी मापदण्ड, २०७३
• चलचित्र छायाङ्कनमा सम्पर्क अधिकृत खटाउने सम्बन्धी कार्यविधि, २०७३,
• चलचित्र जाँच समितिको कार्यविधि, २०७४
• नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशक नियुक्ति सिफारिस सम्बन्धी कार्यविधि, २०७८
• स्थानीय तहको सरकारबाट सम्पादन हुने एफ.एम. रेडियो तथा टेलिभिजन (व्यवस्थापन तथा सञ्चालन) नमूना कार्यविधि, २०७५
• प्रदेश तहको सरकारबाट सम्पादन हुने एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) नमूना

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

कार्यविधि, २०७५
• प्रदेश र स्थानीय तहहरूलाई रेडियो फ्रिक्वेन्सी उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६
• आन्तरिक नियन्त्रण प्रणाली, २०७८
• पत्रकारितासँग सम्बन्धित संघ संस्थाहरूलाई अनुदान तथा आर्थिक सहयोग वितरण सम्बन्धी दिग्दर्शन, २०८१
• डाटा सेन्टर तथा क्लाउड सेवा (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१
• अखबारी कागजमा भन्सार छुटको सिफारिस सम्बन्धी कार्यविधि, २०८१
• सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशकको नियुक्ति सिफारिस सम्बन्धी कार्यविधि, २०८१
• सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको नियुक्ति सिफारिस सम्बन्धी कार्यविधि, २०८१
• सूचना प्रविधि विषयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८१
• नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) दिग्दर्शन २०८२
• विज्ञापन बोर्डको अध्यक्ष नियुक्ति सिफारिस सम्बन्धी कार्यविधि , २०८२

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी (प्रथम त्रैमासिक)अद्यावधिक विवरण

| विवरण | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|
| **विनियोजन** | ५७८८२.०० | १६९९१.९८ | ० | **७७१९९.००** |
| **खर्च** | ११४०२.८९ | ६७५.९० | ० | **१२०७८.८०** |
| ***खर्च प्रतिशतमा*** | **१९.७** | **३.५** | **०** | **१५.६५** |

## १३. तोकिए बमोजिमका अन्य कार्यहरु:

नेपाल सरकारको कार्यसम्पादन नियमावली बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मेवारी बमोजिमका कार्यहरु ।

## १४. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरु:-

| क.स. | सूचक | SDG संकेत | समीक्षा अवधि | भार | इकाइ | आ.व. २०८०/०८१ सम्मको प्रगति | आ.व. २०८२ असार सम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|
| १ | रेडियोको राष्ट्रिय पहुँच | १६ | अर्ध बार्षिक | ५ | प्रतिशत | ९३ | ९४ |

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | २४ कोर माथिको अप्टिकल फाइवर विस्तार | १६ | मासिक | १० | कि.मी. | १५००० | १८१५९ |
| ३ | फिक्स ब्रोडव्याण्ड सेवा विस्तार | १६ | मासिक | १० | प्रतिशत | ४३ | ४८.६७ |
| ४ | मोबाइल सेवा विस्तार | १६ | त्रैमासिक | ३ | प्रतिशत | ९७ | १००.५१ |
| ५ | टेलिभिजन पहुँच | १६ | अर्ध बार्षिक | ४ | प्रतिशत | ७२ | ७२ |
| ६ | FTTH सेवा विस्तार | १६ | अर्ध बार्षिक | ५ | जिल्ला संख्या | ७६ | ७७ |
| ७ | नागरिक एपमा आबद्ध सरकारी सेवा | १६ | त्रैमासिक | ५ | संख्या | ६२ | ६५ |
| ८ | फोर जी/एल.टी.ई. सेवा विस्तार | १६ | त्रैमासिक | ५ | प्रतिशत | ७० | ८७.९० |
| ९ | सूचना प्रविधि उद्योगबाट प्रत्यक्ष रोजगारी सिर्जना | १ | अर्ध बार्षिक | १० | जना(हजार) | ० | - |
| १० | GIOMS लागू भएका सरकारी कार्यालय | १६ | मासिक | ५ | संख्या | ५८ | १४० |
| ११ | रेडियो नेपालबाट प्रसारण हुने समावेशी कार्यक्रम | १६ | त्रैमासिक | ३ | संख्या | २४ | २६ |
| १२ | गोरखापत्र संस्थानबाट प्रकाशन हुने समावेशी कार्यक्रम | १६ | त्रैमासिक | ३ | संख्या | ४३ | ४५ |
| १३ | इन्टरनेट एक्सचेञ्ज सेन्टर | १६ | अर्ध बार्षिक | ३ | संख्या | ० | ० |
| १४ | साइबर सुरक्षा सूचकाङ्क | १६ | वार्षिक | ३ | प्रतिशत | ४५ | ६९.७६ |
| १५ | डिजिटल साक्षरता | १६ | वार्षिक | ३ | प्रतिशत | ० | - |
| १६ | सञ्चार तथा सूचना प्रविधि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान | १ | वार्षिक | ३ | प्रतिशत | २.५ | १.९४ |
| १७ | कुल बेरुजुमा फछ्र्यौटको अनुपात | १६ | मासिक | ५ | प्रतिशत | ० | ४.५० |
| १८ | गुनासो फछ्र्यौट | १६ | मासिक | ५ | प्रतिशत | ९२ | ९८ |
| १९ | पूँजीगत खर्च | ८ | मासिक | १० | प्रतिशत | २१ | २७.७४ |

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

## १५. सार्वजनिक निकायको वेबसाइट

https://mocit.gov.np/

## १६. सूचना परियोजनामा प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

मन्त्रालयको कार्यक्रमहरु नेपाल सरकारको बजेटमार्फत सञ्चालन हुने व्यवस्था रहेको । मन्त्रालय आफैले सम्झौता गरेका वैदेशिक सहायता सम्बन्धी परियोजना नरहेको ।

## १७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिबेदन

बुँदा नं ९ बमोजिमका कार्यहरु सम्पन्न भएका छन् । सोसँग सम्बन्धित प्रतिवेदन नभएको ।

## १८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

मन्त्रालयले मन्त्रालय र अन्तर्गतका निकायहरुको संरक्षण गर्नुपर्ने सूचनाको वर्गीकरण गर्न बाँकि रहेको ।

## १९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिएको विषय

राष्ट्रिय सूचना आयोगबाट विकास गरिएको सूचना प्रणाली (RTIMS- https://rtims.gov.np/) मा माग भएको र उपलब्ध गराइएको सूचनाको विवरण:

| सिनं | सूचना मागकर्ताको नाम | संकेत नं |
|---|---|---|
| १ | उत्सव भुर्तेल | २३-१७६०८६६५३९-८३ |
| २ | उत्सव भुर्तेल | २३-१७६०८५८९७२-८३ |
| ३ | उत्सव भुर्तेल | २३-१७६०७८४८९६-८३ |
| ४ | उत्सव भुर्तेल | २३-१७६०७८४०५६-८३ |
| ५ | सचेन घले | २३-१७६०००७६०२-१४० |
| ६ | सचेन घले | २३-१७५९८२९१३०-१४० |
| ७ | Ranjan Shrestha | २३-१७५६६२१३४९-१२९ |

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.

यसका अतिरिक्त इमेलबाट तथा टेलिफोनबाट प्राप्त सूचनाको विवरणः

| सि.नं | माग संख्या | सूचना उपलब्ध गराइएको संख्या |
|---|---|---|
| १ | ३५ | ३५ |

## २०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरणः

मन्त्रालय र अन्तर्गतका निकायहरुको वेवसाइटमा सम्बद्ध प्रकाशन हुने गरेको ।

This DOCX document was created with CKEditor and can be used for evaluation purposes only.